मधेश प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सहकारी रजिष्ट्रार कार्यालय
जनकपुरधाम, धनुषा

फोन नं.:- ०४१-५९१२६९
Email:registrarmprovince@gmail.com
Website:www.pcro.madhesh.gov.np

## सहकारी संघ संस्थाहरु अद्यावधिक तथा अनुगमन सम्बन्धि सूचना ।

सूचना प्रकाशित मितिः २०८३।०१।१६

यस कार्यालयको नियमन क्षेत्राधिकार अन्तर्गत सञ्चालनमा रहेका सम्पूर्ण सहकारी संघ/संस्थाहरुलाई प्रदेश सहकारी ऐन, २०७९ तथा प्रचलित कानूनी व्यवस्था बमोजिम नियामक निकाय समक्ष सहकारीहरुको वार्षिक प्रतिवेदन निर्धारित समयमै पेश गर्नुपर्नेमा हालसम्म पनि धेरै संघ/संस्थाहरु बाट साधारण सभाको विवरण यस कार्यालयमा प्राप्त नभएको हुदाँ यो सूचनालाई आधार मानि प्रचलित व्यवस्था बमोजिम पेश गर्नुपर्ने विवरण प्रमाणित गरी संघ संस्थाहरु अद्यावधिक गर्नुहुन अनुरोध छ । तोकिएको अवधि भित्र विवरण पेश नगर्ने संस्थाहरुलाई प्रचलित सहकारी ऐन तथा नियमावली वमोजिम कारवाही, जरिवाना तथा निष्क्रय घोषणा प्रक्रिया अगाडी बढाइने व्यहोरा समेत जानकारी गराइन्छ । साथै प्रदेश सहकारी ऐन, २०७९ को दफा ८१ र ८३ बमोजिम नियमित निरीक्षण, अनुगमन तथा हिसाव किताव जाँच समेत गरिने हुदाँ संस्थासंग सम्बन्धित कागजातहरु पूर्ण रुपमा तयार गरी राख्नुहुन र goAML र COPOMIS प्रणालीमा समेत नियमित प्रतिवेदन गर्नुहुन अनुरोध छ । प्रस्तुत विषयमा थप जानकारीका लागि प्रदेश सहकारी रजिष्ट्रार कार्यालयमा सम्पर्क गर्न सकिने जानकारी गराइन्छ ।

नि. रजिष्ट्रार

रुपेश कुमार साह
नि. रजिष्ट्रार